CS Scanned with CamScanner

आज मिति २०८३ साल असार ९ गते मंगलबारका दिन बिहान ८.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक का.वा.नगर प्रमुख श्री निराजन जंगमज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा सन्ताउन्नौं बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री निराजन जंगम | |
| २ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ३ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ४ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ५ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ६ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री संजय कोजू | |
| ८ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| १० | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| ११ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १२ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १३ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २० | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २२ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

ङ. धुलिखेल नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ मा दोस्रो संशोधन २०८३, समिक्षा सम्वन्धि प्रस्ताव,

च. निर्णयहरु अनुमोदन सम्बन्धमा : मिति २०८२ श्रावण देखि २०८३ जेष्ठ मसान्त सम्म नगर कार्यपालिका बैठक, पदपूर्ति समिति, न्यायिक समिति, योजना फरफारक समिति, बिषयगत समितिले गरेका निर्णय अनुमोदन सम्बन्धि प्रस्ताव,

छ. तलबी प्रतिबेदन सम्बन्धि प्रस्ताव,

ज. खर्च अनुमोदन सम्बन्धि प्रस्ताव,

झ. आ.व. ०८२/०८३ सम्मको नियमित गर्नुपर्ने गर्ने बेरुजु सम्वन्धमा लेखा समितिबाट भएको निर्णय सम्वन्धि प्रस्ताव,

ञ. शिक्षक तथा बिधालय कर्मचारीको तलब भत्ता सम्बन्धि प्रस्ताव,

ट. संघीय तथा प्रदेश बिषेश अनुदान रकमको कार्यक्रम संसोधन सम्बन्धि प्रस्ताव,

ठ. धुलिखेल नगरपालिका न्यायिक समितिको आ.व. ०८२।०८३ को प्रतिवेदन,

ड. सभाबाट निर्णय गर्नु पर्ने अन्य केहि प्रस्ताव ।

३. नगर प्रहरीको पोशाक सम्बन्धमा नगर कार्यपालिकाको ५६ औ बैठकको निर्णय अनुसार गठन भएको समितिले दिएको प्रतिबेदन कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो,

तपसिल

क. पंहेलो खैरो रङ्गको सर्ट पाइण्ट (चुस्ता सेट) र पि क्याप दर्ज्यानी चिन्ह सईको दुई तारा, असईको एक

ख. तारा, हवल्दारको दुई फित्ता (पंहेलो रङ्ग) र सिपाहीको एक फित्ता (पंहेलो रङ्ग)

ग. कालो रङ्गको बुठ जुत्ता

घ. कालो डोरीमा सिट्ठी

ङ. खैरो वा कालो रङ्गको पेटी

च. हल्का निलो रङ्गको नगर लोगो सहितको ट्र्याकसुट, स्पोर्ट्स सुज र नगर लोगो सहितको पि क्याप

छ. नगर लोगो सहित भिजिविलिटी किनारा भएको पहेलो हरियो रङ्गको DMP/City Police लेखिएको हाफ

ज. ज्याकेट

झ. नगर लोगो सहित पहेलो खैरो रङ्गको फूल ज्याकेट

ञ. औपचारिक कार्यक्रमको लागि

१। घ्यू रङ्गको सर्ट, हरियो रङ्गको स्वेटर र पंहेलो खैरो रङ्गको पाईन्ट

२। पंहेलो खैरो रङ्गको नगर लोगो सहितको वेरियर क्याप

४. धुलिखेल नगरपालिका वडा नम्वर ६ मा संचालनमा रहेको सिद्दार्थ बाल गृहले सस्थाको आ.व. २०८३.०८४ देखि २०८५.०८६ सम्मको परियोजना स्वीकृत गरि समाज कल्याण

परिषदमा शिफारिशका लागि अनुरोध भै आएकोले सस्थाको माग बमोजिम सिफारिश दिने निर्णय गरियो,

५. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२.१०.८ को निर्णय अनुसार नेपाल सरकारको नाममा जग्गाधनि दर्ता श्रेस्ता कायम रहेको धुलिखेल नगरपालिका वडा नम्बर ५ (साविक धुलिखेल ८) को कित्ता नम्बर १८५४ र १८५६ को कुल क्षेत्रफल १३०८.४६ वर्ग मिटर मध्ये ५०८.७४ वर्ग मिटर जग्गा खानेपानी तथा सरसफाई डिभिजन नं ३ को कार्यालय भवन निर्माणका लागि उपयोगमा दिने निर्णय भएकोले तोकिएको शर्तको अधिनमा रही उक्त जग्गाको उपयोग गर्न नगरपालिकाको सहमति रहेको व्यहोरा जानकारी दिने निर्णय गरियो,

६. धुलिखेल नगरपालिका वडा नम्बर ७ मा रहेको उमा महेश्वर्को मूर्ति सन् १९८२ मा चोरी भएको र बिभिन्न संरक्षणकर्ताहरुको पहलमा फिर्ता भै हाल पाटन संग्रहालयमा राखिएको हुदाँ उक्त मूर्ति धुलिखेललाई फिर्ता दिन अनुरोध गर्ने निर्णय गरियो,

७. धुलिखेल नगरपालिकाको सडक मापदण्डको बिषयमा स्थानीयवासीवाट गुनासो आयकोले जनप्रतिनिधि, वडाबासि नागरिकसंग बृहत छलफल गरि रास्ट्रिय तथा प्रदेश स्तरीय मापदण्ड समेतलाई मध्यनजर गरि प्रतिबेदन दिन देहाय बमोजिम एक कार्यदल गठन गर्ने निर्णय गरियो,

डिकेश प्रजापति – इन्जिनियर
हरिस्चन्द्र लामिछाने – सब इन्जीनियर
भोजराज घिमिरे – अमिन

८. धुलिखेल नगरपालिकाको खर्च सम्बन्धि मापदण्ड अनुसार नगरसभाको दिनको लागि निर्धारित खाना/खाजाको नर्म्सलाइ परिमार्जन गरि प्रति व्यक्ति प्रति प्लेट रु. १०००.० (मूअक बाहेक) कायम गर्ने निर्णय गरियो,

CS Scanned with CamScanner

९. यस धुलिखेल नगरपालिकाको आ.व. २०८२/०८३ मा नगर कार्यपालिकाको मिति २०८२/०८/२५ गतेको निर्णय बमोजिम हरिसिद्धी पाटी (वडा नं. ७ कार्यालय भवन) निर्माण कार्यका लागि स्रोत सुनिश्चित गरी मिति २०८२/१०/१२ गते राष्ट्रियस्तरको बोलपत्र आह्वान गरिएको तथा मिति २०८२/१२/१६ गते निर्माण व्यवसायीसँग सम्झौता सम्पन्न भई कार्य प्रारम्भ भएको थियो। सम्झौता बमोजिम निर्माण स्थलमा अवस्थित RCC भवन भत्काउने कार्य समेत सम्पन्न भइसकेको अवस्थामा, सम्पदा संरक्षणमा चासो राख्ने धुलिखेलवासी १८९ जनाबाट मिति २०८३/०३/०८ गते यस कार्यालयमा दर्ता नं. ७०७५ मार्फत उक्त स्थानमा नेपाल संवत् ९६५ सालको शिलालेख रहेको, सो स्थल ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक दृष्टिले महत्वपूर्ण रहेको उल्लेख गर्दै सो स्थानमा परम्परागत सनेवारी शैलीको फल्चा पाटी निर्माण गरिनुपर्ने माग प्राप्त भएको छ। त्यसैगरी, वडा नं. ७ कार्यालयको मिति २०८३/०३/०९ गतेको पत्रबाट समेत स्थानीय जनताको माग तथा उक्त स्थानको ऐतिहासिक एवं सांस्कृतिक महत्वलाई दृष्टिगत गरी सो स्थानमा वडा कार्यालय भवन निर्माण गर्नु उपयुक्त नहुने तथा पौराणिक शैलीको दुईतले फल्चा पाटी निर्माण गरिनुपर्ने व्यहोरा लेखी पठाइएको छ।

उक्त विषयमा प्राप्त जनगुनासो, स्थानीय जनभावना, सम्पदा संरक्षणको आवश्यकता तथा सार्वजनिक हितलाई मध्यनजर गर्दा हालको भवन निर्माण कार्यलाई यथावत् अगाडि बढाउनु उपयुक्त नदेखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ उपदफा (४) बमोजिम सार्वजनिक हितका लागि सुविधाको आधारमा खरिद सम्झौता अन्त्य गर्न सकिने कानूनी व्यवस्था रहेको र सोही दफाको उपदफा (५) बमोजिम सम्झौता अन्त्य हुनुअघि सम्पन्न भएका कार्य तथा व्ययको फरफारक गरी भुक्तानी गर्नुपर्ने व्यवस्था समेत रहेको हुँदा, हरिसिद्धि पाटी (वडा नं. ७ कार्यालय भवन) निर्माण कार्य सम्बन्धी मिति २०८२/१२/१६ गते सम्पन्न खरिद सम्झौता सार्वजनिक हित तथा सुविधाको आधारमा अन्त्य गर्ने तथा प्रचलित कानून बमोजिम निर्माण व्यवसायीले सम्पन्न गरिसकेको कार्य, वास्तविक खर्च तथा भुक्तानीयोग्य दायित्वको मूल्याङ्कन गरी फरफारक समेत गरी नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो।